“सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर”

# बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: २०८३/०८४
चलानी नं.:

बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**_राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता, सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) तथ्याङ्क सङ्कलन, तथा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) अद्यावधिक" गर्ने परामर्श दाताको कार्य जिम्मेवारी_** (TOR)

## १. पृष्ठभूमि

बागचौर नगरपालिकाले आ.व. २०७७/०७८ मा पालिका भित्रका NWASH मार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी WASH Plan तयार तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो। हाल उक्त तथ्याङ्क तथा योजनालाई वर्तमान अवस्था अनुरूप अध्यावधिक गर्नुपर्ने आवश्यकता रहेकोले पालिका भित्रका घरधुरी, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय, सञ्चालित खानेपानी आयोजना तथा हालसम्म खानेपानी सेवा नपुगेका क्षेत्रहरूको विद्यमान अवस्था पहिचान गरी NWASH-MISमा भरपर्दो र गुणस्तरीय तथ्यांक संकलन गरि WASH Plan अद्यावधिक गर्न दक्ष जनशक्तिको आवश्यकता भएकोले योग्यता पुगेका NWASH परामर्शदाता (फर्म/व्यक्ति) बाट सेवा करारमा लिनका लागि यस कार्यसम्पादन विवरण (Terms of Reference – ToR) बमोजिम प्रस्ताव आह्वान गरिन्छ।

## २. उद्देश्य

यस परामर्शको मुख्य उद्देश्य बागचौर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विद्यमान अवस्था अद्यावधिक गर्न गुणस्तरीय तथ्यांक (सामाजिक तथा प्राविधिक) सङ्कलन, सम्पादन, प्रमाणीकरण तथा NWASH-MIS मा अद्यावधिक गर्ने कार्यलाई सहजीकरण गर्नु र प्राप्त तथ्याङ्क तथा विश्लेषणका आधारमा नगरपालिका को WASH Plan अध्यावधिक गर्नु हो ।

## ३. कार्यक्षेत्र तथा जिम्मेवारी (Scope of Work)

### ३.१. योजना तथा तयारी

१. समय सिमा तथा NWASH-MIS अन्तर्गत घरधुरी, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय) को तथ्यांक संकलन आवश्यक जनशक्ति पहिचान गरि योजना तर्जुमा गर्न पालिकालाई सहयोग गर्ने ।

२. पालिकाले तयार पारेको संचालित र सेवा नपुगेका क्षेत्रको तथ्यांक संकलन योजनालाई पुनरावलोकन गरि आवश्यक परिवर्तन गरि WASH-MC बाट पारित गर्ने ।

३. पालिकाबाट छनोट भएका सामाजिक गणकहरुको फिल्ड परिचालन योजना तयार पारी परिचालन गर्ने ।

४. आवश्यकता अनुसार प्राबिधिक गणकहरुको व्यवस्थापन गर्ने ।

### ३.२. तालिम व्यवस्थापन

१. प्राविधिक गणकलाई NWASH-MIS Inventory, sustainability र Unserved तथ्यांक संकलन सम्बन्धि सञ्चालन गर्ने ।

२. सामाजिक गणकहरुलाई प्रभावकारी अभिमुखीकरण र फिल्ड अभ्यास सहित NWASH तथ्यांक संकलन सम्बन्धि तालिम सञ्चालन गर्ने ।

३. तालिम पश्चात् गणकहरूको ज्ञान/सीप परीक्षण गरी फिल्ड परिचालनको लागि प्रमाणीकरण गर्ने ।
४. आवश्यकता अनुसार पालिका वास इकाईको NWASH सम्बन्धि क्षमता बिकासमा सहयोग पुर्याउने ।

### ३.३. फिल्ड तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण

१. आवश्यकता अनुसार सामाजिक तथा प्राबिधिक गणकहरुको परिचालन गरि तथ्यांक संकलन गर्ने ।
२. तथ्यांक संकलन योजना अनुसार सामाजिक तथा प्राबिधिक तथ्यांकहरु संकलन भएको सुनिश्चित गर्ने ।
३. तथ्यांकको गुणस्तर सुनिश्चित गर्न फिल्ड सुपरिवेक्षण गर्ने र समस्या समाधान गर्न गणकहरुलाई अभिमुखीकरण गर्ने ।

### ३.४. तथ्याङ्क अपलोड, सम्पदान, विश्लेषण

१. गणकहरुले सङ्कलित सामाजिक तथ्याङ्क NWASH-MIS अपलोड गरेको सुनिश्चित गर्ने ।
२. प्राबिधिक गणकबाट प्राप्त तथ्यांकहरु पालिका WASHFP/ITO/WASH unit संगको सहकार्यमा NWASH-MIS मा अपलोड गर्ने ।
३. अपलोड गरेको तथ्यांकलाई आवश्यकता अनुसार गणक र समुदाय संग सम्पर्क गरि सम्पादन गर्ने ।
४. आवश्यकता अनुसार पहिला र अहिलेको खानेपानी सरसफाइ, स्वच्छताको अवस्था विश्लेषण गर्ने। त
५. पालिकाको NWASH-Inventory अन्तर्गतका खानेपानी योजनाको अन्तिम सुची तयार पार्न, दोहोरापना भएका योजनाहरुलाई हटाउने वा मिलाउने ।

### ३.५. तथ्याङ्क प्रामाणिकरण

१. NWASHमा भएका सूचनाहरुलाई वडा अनुसार विश्लेषण गरी प्रमाणीकरण पालिकालाई सहजीकरण गर्ने ।
२. सम्पूर्ण तथ्यांकहरु तथ्यांक संकलन योजना अनुसार भएको सुनिश्चित गर्ने ।
३. तथ्यांक प्रामाणिकारणको क्रममा कुनै तथ्यांकमा गुनासो आएमा फेरिफिकेसन गरि सम्पादन गर्ने र त्यसको रेकर्ड राख्ने
४. तथ्यांक प्रमाणीकरणको क्रममा तथ्यांक संकलन योजना भन्दा बाहिरका छुटेका योजनाहरु तथा खानेपानी, सरसफाइ र स्वच्छता देखिन गएमा उक्त जानकारी पालिकालाई गर्ने ।

### ३.५. प्राथमिकीकरण कार्यशाला

१. सम्झौता अवधि भित्र अध्यावधिक तथ्यांक अनुसार प्राथामिकिकरण गोष्ठी सहजीकरण गर्ने ।
२. तथ्यांक संकलन, सम्पादन, प्रामाणिकरण, WASH governance Section लगायत NWASH-Web मा भर्नुपर्ने सम्पूर्ण जानकारीहरु पुरा गर्ने ।

## ४. कार्य सम्पादन बिवरण (Deliverables)

१. विस्तृत कार्ययोजना र समय तालिका (Inception Report)
२. प्राविधिक गणकहरुको तालिम-१ (३ दिन)
३. सामाजिक गणकहरुको तालिम-१ (४ दिन)

टङ्क बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

४. तथ्यांक संकलन (NWASH-MIS)

| तथ्यांकको प्रकार | संख्या | इकाई | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| **क) सामाजिक तथ्यांक** | | | | |
| घरधुरी (NWASH HH पालिकाको घरधुरीको १०% हरेक वडा र बस्तिको प्रतिनिधित्व हुने गरि) | ७६० | घरधुरी | सामाजिक गणक | |
| बिद्यालय (NWASH school) | ६९ | बिद्यालय | सामाजिक गणक | |
| स्वास्थ्य संस्था (NWASH HCF | १६ | स्वास्थ्य संस्था | सामाजिक गणक | |
| सार्बजनिक शौचालय(NWASH public toilet) | १६ | शौचालय | सामाजिक गणक | |
| सामुदायिक सरसफाइ | १ | | परामर्शदाता | |
| **ख) प्राबिधिक तथ्यांक** | | | | |
| **संचालित खानेपानी योजना (NWASH inventory and NWASH project sustainability)**<br>- योजनाबाट समेटिएका धाराहरु, पाइपलाइन, इन्टेक,रिजरभाइर सहित अन्य संरचनाहरु<br>- योजनाका संरचनाहरुमा जोखिमपूर्ण क्षेत्रहरु समेत देखिने गरि फोटो सहित तथ्यांक संकलन गर्ने ।<br>- पाइपलाइनको तथ्यांक तथा लेआउट संकलन गर्दा पाइप, साइज, गुणस्तर, पाइपको अवस्था | १२० (अनुमानित) | योजना | प्राबिधिक गणक | परामर्श दाताले सुनिश्चित गर्ने<br><br>धारा संख्या: ५००० (अनुमानित) धारा संख्यामा सामान्य परिबर्तन आउँन सक्नेछ । |

टङ्क बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| तथा विपदको असर अनुसार फरक फरक खण्ड बनाई गुणस्तरीय तथ्यांक संकलन गर्ने । | | | | |
| **नयाँ तथा निर्माधीन खानेपानी योजना (NWASH Unserved, ongoing and new)**<br>- निर्माणधिंन अवस्थामा रहेका योजनाहरु<br>- पालिकाको खानेपानीको सेवा नक्सांकन गर्दा, खानेपानी सेवामा नसमेटिएका बस्तिहरुको लागि नयाँ योजनाहरु | २० | योजना | प्राबिधिक गणक | (परामर्श दाताले सुनिश्चित गर्ने)<br><br>पालिकाले नयाँ योजनाको सुची उपलब्ध गराउदा हेरफेर हुन् सक्नेछ । |
| **ग) WASH governance** | १ | पालिका | परामर्श दाता | पालिका WASH Unit संगको सहकार्यमा |

५. NWASH मा भएका तथ्यांकहरुको तथ्यांकहरुको सम्पदान पश्चातको सम्पूर्ण गुणस्तरीय तथ्यांक सेट (Clean data set)
६. तथ्यांक प्रमाणीकरणका लागि वडा स्तरीय अवस्था झल्काउने तथ्यांक बिश्लेषण दस्ताबेज- ६ वडा
७. खानेपानी सरसफाइ स्वच्छताका बिभिन्न सूचकहरु अनुसारको पालिका स्तरीय तथ्यांक बिश्लेषण- १
८. NWASH-MIS प्राथामिकरण सहजीकरणका लागि दस्ताबेज (प्राथामिकरण मापदण्ड र सुची सहित)- १
९. ड्राफ्ट WASH plan (रणनीति र सुझाव सल्लाह समेटेको)-१

## ५. कार्य योजना /विभाजन तथा अवधि

यस NWASH तथ्यांक तथा वास योजना अध्यावधिको अवधि कुल तीन महिनाको हुनेछ, जस अन्तर्गत मुख्य परामर्श दाता, गणकहरु र पालिकाको भूमिका निम्नानुसार हुनेछ ।

टङ्क बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

# बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः२०८३।०८४
चलानी नं.:

| सी. न. | क्रियाकलापहरु | अनुमानित दिन | सहभागी | जिम्मेवारी | लागत भुक्तानी | समय सिमा |
|---|---|---|---|---|---|---|
| १. | खानेपानी योजनाहरूको विस्तृत विश्लेषण, खानेपानी योजनाको लिस्ट तथा Existing NWASH inventory को समीक्षा, तथ्याङ्क अद्यावधिक तथा संकलन योजना तयारी, र अनुमानित लागत निर्धारण | ५ दिन | वास इकाई, (WASH coordinator, SSC, TF etc), WASH Focal Person, IT Office | वास इकाई | लागतको अनुमान स्पष्ट पार्ने | २२ सेप्टेम्बर |
| २. | NWASH अद्यावधिकको कार्यविधि (Modality), चरणगत प्रक्रिया स्पष्ट पार्ने l (परामर्शदाता र प्राविधिक तथा सामाजिक गणकको कार्यविवरण (ToR)) | २ दिन | | वास इकाई | | २२ सेप्टेम्बर |
| ३ | तथ्याङ्क संकलन योजना तथा मानव स्रोत परिचालन योजना स्वीकृत गर्ने। | १ दिन | | WASH-MC बैठक | | २२ सेप्टेम्बर |
| ४ | NWASH परामर्शदाता छनोट तथा परिचालन (Onboarding) | ७ दिन | | | पालिका | १ अक्टुवर |
| ५ | सामाजिक तथा प्राविधिक गणकहरूको क्षमता अभिवृद्धि तालिम सन्चालन | ५ दिन | सामाजिक तथा प्राबिधिक गणकहरु | परामर्श दाता | सम्झौता अनुसार (परामर्शदाता मार्फत) | |
| ६ | सामाजिक तथ्याङ्क संकलन — सामाजिक तर्फ घरधुरी, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक शौचालयको तथ्याङ्क संकलन। | १५ दिन | सामाजिक गणक | सामाजिक गणक | सम्झौता अनुसार (परामर्शदाता मार्फत) | २७ अक्टुवर |
| ७ | प्राविधिक तथ्याङ्क संकलनः प्रणालीको सूची (Inventory), दिगोपन तथा सेवा नपुगेका घरधुरीसम्बन्धी तथ्याङ्क संकलन | २५ दिन | खानेपानी योजना | प्राबिधिक गणक | सम्झौता अनुसार (परामर्शदाता मार्फत) | ३० नोवेम्बर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सामाजिक तथा प्राबिधिक , तथ्याङ्कको भेरिफिकेन, cleaning र सम्पादन | १० दिन | | परामर्श दाता | पालिका | ५ डिसेम्बर |
| ९ | तथ्यांक विश्लेषण तथा प्रमाणिककरणका लागि दस्ताबेज तयार पार्ने | ५ दिन | | परामर्श दाता | पालिका | ५ डिसेम्बर |
| १० | प्राथामिकीकरण सहयोग तथा दस्ताबेजिकरण | ३ दिन | | परामर्श दाता | पालिका | १० डिसेम्बर |
| ११ | तथ्यांक प्रामाणिकरण तथा प्राथामिकिकरण गोष्ठी | १ दिन | पालिका मेयर/ उपमेयर लगायत वडा अध्यक्ष तथा शाखा प्रमुखहरु | पालिका / सहजीकरण परामर्श दाता | पालिका | १५ डिसेम्बर २०२६ |
| १२ | तथ्यांक प्राथामिकिकरण क्रियाकलापलाई NWASH web मा अपडेट गर्ने | २ दिन | | परामर्श दाता | पालिका | १५ डिसेम्बर २०२६ |
| १३ | WASH plan रिपोर्ट तथा पृष्टपोषण र अन्तिम भेरिफिकेसन र अन्तिम रुप दिने | ३ दिन | | परामर्श दाता | पालिका | २५ डिसेम्बर |
| १४ | WASH plan रिपोर्ट अनुमोदन | १ दिन | पालिका मेयर/ उपमेयर लगायत वडा अध्यक्ष तथा शाखा प्रमुखहरु | पालिका कार्यकारी समिति | | १ जनवरी २०२७ |

### ६. परामर्शदाताको न्यूनतम योग्यता तथा अनुभव

नेपाल सरकारको VAT प्रणालीमा दर्ता भएको व्यक्ति वा संस्था ।

### ६.१. मुख्य परामर्शदाता

- मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक (Bachelor's degree, any discipline) उत्तीर्ण गरि खानेपानी सरसफाइ तथा स्वच्छता तथा तथ्यांक संकलन र अनुगमनको क्षेत्रमा कम्तिमा ५ बर्षको अनुभव भएको ।

- NWASH-MIS सम्बन्धी MTOT (Master Training of Trainers) तालिम लिएको र दुई भन्दा बढी स्थानीय तहमा NWASH/MIS सम्बन्धी कार्यमा मुख्य भूमिका सहित तथ्यांक सम्पादन गरेको ठोस अनुभव भएको ।
- NWASH/WASH योजना तयारीमा असल र गुणस्तरीय कार्यसम्पादनको प्रमाणित सन्दर्भ (reference) प्रस्तुत गर्न सक्ने
- NWASH inventory तथा सामाजिक तथ्याङ्क समीक्षा, सम्पादन र विश्लेषणमा कार्यमा दक्ष भएको
- NWASH/WASH दुवै प्राबिधिक र सामाजिक तालिम सहजीकरण अनुभव र क्षमता भएको ।
- कर्णाली वा पहाडी/हिमाली भौगोलिक क्षेत्रमा हिँडडुल गरी फिल्ड कार्य सञ्चालन गर्न सक्ने क्षमता र इच्छा शक्ति भएको
- तथ्याङ्क प्रमाणीकरण (verification), सम्पादन (editing) र मान्यीकरण (validation) प्रक्रियामा अनुभवी ।
- बैठक सञ्चालन तथा समन्वयमा दक्ष ।
- Excel तथा power BI जस्ता तथ्यांक विश्लेषण गर्न आवश्यक पर्ने सफ्टवेरको ज्ञान भएको
- नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन लेखन दक्षता ।
- आवश्यक पर्दा परिचालन गर्न सकिने प्राविधिक गणकहरू (technical enumerators) सूचीकृत/सम्पर्कमा रहेको वा स्थानीय तहमा उपलब्ध नभएको अवस्थामा बाहिरबाट परिचालन गर्न सक्ने क्षमताको स्पष्ट पुष्टि हुने गरि प्रस्ताव पेश गर्नुपर्ने ।

**६.२. तथ्यांक सम्पादन तथा प्रमाणीकरण (मुख्य परामर्श दातालाई आवश्यक भएमा) परामर्शदाता**

- परामर्शदातालाई आवश्यकता महसुश भएमा तथ्यांक सम्पादन तथा प्रमाणीकरणका लागी छुट्टै जनशक्तिको व्यवस्था गर्न सक्नेछ । उक्त व्यक्तिको योग्यता निम्नानुसार हुनुपर्नेछ ।
- मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक (Bachelor's degree, any discipline) उत्तीर्ण, साथै NWASH TOT प्राप्त गरेको ।
- NWASH inventory तथा सामाजिक तथ्याङ्क समीक्षा, सम्पादन र विश्लेषणमा कार्यमा दक्ष भएको
- तथ्याङ्क प्रमाणीकरण (verification), सम्पादन (editing) र मान्यीकरण (validation) प्रक्रियामा अनुभवी ।
- Excel तथा power Bi जस्ता तथ्यांक विश्लेषण गर्न आवश्यक पर्ने सफ्टवेरको ज्ञान भएको
- नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन लेखन दक्षता ।

**६.३. प्राबिधिक गणक**

- कम्तिमा इन्जीनीयारिंग बिषयमा, सव-ओभरसियर गरि खानेपानीको क्षेत्रमा अनुभव भएको वा अन्य बिषयमा +२ पास गरि खानेपानीको क्षेत्रमा कम्तिमा ३ बर्षको अनुभव भएको
- खानेपानी योजनाको लेआउट तथा संरचनाहरुको बारेमा जानकारी भएको
- डिजीटल प्रबिधिबाट तथ्यांक संकलनमा अनुभव भएको, NWASH Inventory मा पहिलेनै काम गरेकोलाई प्राथामिकता दिने ।

६.४. सामाजिक गणक

- कुनै पनि बिषयमा कम्तिमा +२ वा सो सरह उत्तीर्ण गरि खानेपानी तथा सरसफाइको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको
- डिजीटल प्रबिधिबाट तथ्यांक संकलनमा अनुभव भएको
- स्थानीयलाई प्राथामिकता दिइने

## ७. आवश्यक बैधानिक कागजातहरु

- नेपाल सरकारको VAT दर्ता प्रमाणपत्र
- मुख्य परामर्शदाताको NWASH मा काम गरेको Curriculum Vitae सहित तालिम तथा अनुभवको प्रमाण पत्र । तथ्यांक सम्पादन तथा प्रमाणीकरणका लागि छुट्टै व्यक्ति आवश्यक भएमा प्रस्तावित Curriculum Vitae.
- फर्मको हकमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र अन्तिम कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) को प्रतिलिपि ।
- आफू वा आफ्नो फर्म सार्वजनिक खरिद ऐन बमोजिम कालोसूचीमा नपरेको स्वघोषणा (self-declaration) ।

## ८. भुक्तानी प्रक्रिया

- **पहिलो किस्ता**: करार सम्झौता भएपछि २०% (कार्ययोजना स्वीकृत भए पछी) ।
- **दोश्रो किस्ता**: सामाजिक तथा प्राबिधिक गणकहरु तालिम सम्पन्न भई फिल्ड तथ्याङ्क सङ्कलन सुरु भएपछि ३०% ।
- **तेस्रो किस्ता**: फिल्ड तथ्याङ्क सङ्कलन, सम्पादन र प्रमाणीकरणमा दस्ताबेज पेश गरेपछि ३०% ।
- **अन्तिम किस्ता**: अन्तिम प्रतिवेदन पछि २० % ।

## ९. प्रस्ताव मूल्याङ्कन आधार

एकभन्दा बढी प्रस्ताव प्राप्त भएमा प्राविधिक र आर्थिक दुवै पक्षलाई एकीकृत गरी मूल्याङ्कन गरिनेछः

| विवरण | इकाई | भार |
|---|---|---|
| योग्यता, अनुभव (qualification, MTOT, palika-level experience) | भार | 30% |
| कार्यविधि/कार्ययोजना (सङ्कलन योजना, तालिम, गुणस्तर नियन्त्रण दृष्टिकोण) | भार | 20% |
| तालिम सहजीकरण अनुभव (प्राविधिक/सामाजिक) र गणक व्यवस्थापन क्षमता | भार | 20% |

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

# बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बागचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२।०८४

चलानी नं.:

| विवरण | इकाई | भार |
| --- | --- | --- |
| आर्थिक प्रस्ताव (लागत उपयुक्तता) | भार | 30% |

प्राबिधिक मुल्यांकनमा कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने परामर्शदाता मध्येबाट प्राबिधिक र आर्थिक मुल्यांकनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकसँग बार्ता गरि सम्झौता गरिनेछ । एकभन्दा बढी उपयुक्त प्रस्ताव प्राप्त नभएमा वा कुनै प्रस्ताव योग्य नठहरिएमा यो सूचना आंशिक वा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

## १०. अन्य सर्तहरू

- प्रचलित आयकर ऐन बमोजिम प्रत्येक भुक्तानीबाट स्रोतमा कर (TDS) कट्टी गरिनेछ ।
- परामर्शदाताले भ्रष्टाचार, जालसाजी, मिलेमतो वा गलत विवरण पेश गरेको ठहर भएमा सार्वजनिक खरिद ऐनको सम्बन्धित दफा बमोजिम कारबाही तथा कालोसूचीमा राखिनेछ ।
- यो ToR तथा सोबाट हुने सम्झौता सम्बन्धी विवाद पालिकाको प्रचलित खरिद निर्देशिका र सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम समाधान गरिनेछ ।
- सूचना प्रकाशित भएको मितिले पालिकाले तोकेको म्याद (बढीमा १५ दिन) भित्र इच्छुक योग्य व्यक्ति/परामर्शदाताले प्रस्ताव पेश गर्नुपर्नेछ ।

## ११. आवेदन प्रक्रिया

योग्यता पुगेका इच्छुक व्यक्ति/परामर्शदाता संस्थाले आफ्नो Curriculum Vitae (CV), प्राविधिक तथा आर्थिक प्रस्ताव, शैक्षिक योग्यता तथा तालिम र अनुभवसम्बन्धी प्रमाणपत्रका प्रतिलिपि, नागरिकताको प्रतिलिपि र सम्बन्धित निकायमा दर्ता/नवीकरण भएको प्रमाण (यदि फर्म/संस्थाको हकमा) सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र बागचौर नगरपालिका को कार्यालयमा वा इमेल मार्फत पेश गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्ति: विनय डिसी/फोकल पर्सन र रमेश कुमार वली/ वास संयोजक

सम्पर्क नम्बर: ९८५६०६३८४२/९८४८४७४३३३

इमेल:ieye.star42@gmail.com/rameshsalyanrss@gmail.com

कार्यालयको ठेगाना: बागचौर नगरपालिका , नगरकार्यपालिकाको कार्यालय, बागचौर, सल्यान ।

.......................................

टङ्क वहादुर भट्टराई

प्रमुख प्रशासकिय अधिकृत